# हतुवागढी राजपत्र

**हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड : ०५ सङ्ख्या : १० मिति : २०७८/०३/२५

## भाग-१

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०७८/०३/२४

# जलस्रोत व्यवस्थापन ऐन २०७८

हतुवागढी राजपत्र

**प्रस्तावनाः** हतुवागढी गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँ बासीहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न, सम्वन्धित मुलबाट सिंचाईको व्यवस्था गर्न, जलस्रोतको उपयोग, संरक्षण तथा व्यवस्थापन गर्न, गाउँपालिका भित्रका मुल, नदी, लिफ्ट तथा खोलाहरुको पानीको उपयोग, पानीमा आधारित योजना तथा व्यवसाय संचालन, खानेपानी उपभोक्ता समितिको स्थापना तथा दर्ता गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

हतुवागढी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद – १ (एक)

## संक्षिप्त नाम र प्रारम्भ

१. <u>संक्षिप्त नाम, र प्रारम्भः</u>

(१) यस ऐनको नाम "जलस्रोत व्यवस्थापन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन हतुवागढी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

(३) यो ऐन हतुवागढी गाउँपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "खानेपानी" भन्नाले घरेलु तथा अन्य प्रयोगमा आपुर्ति हुने स्वच्छ पिउने पानीलाई सम्झनुपर्छ। (ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हतुवागढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले यस ऐन अनुसार गठन भएको खानेपानी उपभोक्ता समिति सम्झनुपर्छ।

(घ) "जलस्रोत" भन्नाले हतुवागढी गाउँपालिका भित्र रहेका भु–सतह, नदिजन्य, भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ।

(ङ) "उपभोक्ता" भन्नाले जलस्रोतसँग सम्वन्धित सेवा उपयोग गर्ने व्यक्ति वा संगठनलाई सम्झनुपर्दछ।

(छ) "गाउँपालिका" भन्नाले हतुवागढी गाउँपालिका, घोडेटारलाई सम्झनुपर्दछ।

(ज) "सेवा शुल्क" भन्नाले नेपाल सरकार प्रदेश सरकार तथा गाउँपालिका वा अनुमति पत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्दछ।

## परिच्छेद – २ (दुई)

## जलस्रोत समितिको व्यवस्था

३. <u>गाउँपालिका स्तरीय जलस्रोत समितिः</u> (१) यस गाउँपालिकामा रहेको मुहान दर्ता गर्न, खानेपानी उपभोक्ता समिति दर्ता गर्न, उपभोक्ता समितिको विधान स्वीकृत गर्न, संशोधन गर्न, उपभोक्ता समितिहरु गाभिएर नयाँ बन्न स्वीकृति दिन, पानीको उपयोगको प्राथमिकता तोक्न, पानीमा आधारित व्यवसाय संचालनको स्वीकृति दिन वा नदिन, खानेपानी तथा मुहान सम्वन्धि विवाद मिलाउन, उजुरी उपर कारबाही गर्न, उपभोक्ता समितिले लिने शुल्क स्वीकृत गर्न तथा यस ऐन बमोजिमका अन्य अधिकार प्रयोग गर्न देहाय बमोजिमको एक गाउँपालिका स्तरीय जलस्रोत समिति रहनेछ।

(क) संयोजक - गाउँपालिका अध्यक्ष

(ख) सदस्य - सम्बन्धित वडाको वडाध्यक्ष

(ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

(घ) सदस्य - डिभिजन वन कार्यालयका प्रतिनिधि

(ङ) सदस्य - वातावरण समितिका संयोजक

(च) सदस्य- संघ संस्था दर्ता शाखा प्रमुख

(छ) सदस्य सचिव - खानेपानी तथा सरसफाई शाखाको शाखा प्रमुख

(२) समितिको वैठक समितिका अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ।

(३) समितिका सदस्यको ५१ प्रतिशत उपस्थिति भएमा समितिको वैठक बस्न गणपुरक संख्या पुगेको मानिनेछ।

(४) कुनै विषयमा मतदानबाट निर्णय गर्नुपर्ने भएमा समितिको उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुको मतलाई गाउँपालिका स्तरिय जलस्रोत समितिको निर्णय मानिनेछ।

(५) यस समितिको वैठक सम्वन्धि अन्य कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

(६) समितिको निर्णय समितिका सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) समितिको कार्यालय हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ।

(८) यस समितिमा समितिले आवश्यक देखेमा नगरका प्राविधिक, विषयगत शाखा प्रमुखहरु, जिल्ला तहका कार्यालयका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि, छिमेकी पालिकाका प्रतिनिधि, विषेशज्ञ आदिलाई आमन्त्रित गर्न सक्नेछ।

## परिच्छेद – ३ (तीन)

## पानीको स्रोत तथा उपभोक्ता समिति दर्ता र संचालन

४. <u>उपभोक्ता समिति दर्ता गर्नु पर्नेः (१)</u> स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि गाउँपालिकामा खानेपानी उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ। यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन।

५. <u>खानेपानीको स्रोत (मुल मुहान) दर्ता गर्नुपर्नेः</u> (१) गाउँपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य स्रोत (मुल, मुहान) तथा नदिजन्य स्रोत लिफ्टिङ बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो पानीको मुल तथा स्रोत सहित आधिकारिक खानेपानी उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ। खानेपानी उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने मुख्य स्रोत मुहान (मुल) दर्ताको लागि गाउँपालिका समक्ष निवेदन गर्नु पर्नेछ। निवेदनमा सम्बन्धित वडाको स्थलगत सर्जमिन मुचुल्का समेत समावेश भएको हुनुपर्ने छ। गाउँपालिका स्तरीय जलस्रोत समितिले दर्ता गर्न मिल्ने अवस्था देखिएमा जलस्रोतको मुहान दर्ता सहितको अनुमती दिन सक्नेछ। दफा (३) अनुसारको गाउँपालिका स्तरीय जलस्रोत समितिले उक्त पानीको स्रोत (मुल, मुहान) दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा आवश्यक परेको खण्डमा स्थलगत अनुगमन समेत गर्न सक्नेछ। उक्त जलस्रोतको उपयोगमा उपभोक्ता समितिको अधिकार रहनेछ।

(२) कुनै व्यक्तिको जग्गामा रहेको मुल खानेपानी समितिको नाममा दर्ता गर्नु परेमा उक्त जग्गा धनिको मन्जुरीनामा पेश गर्नु पर्नेछ।

तर माथि लेखिए बमोजिमको मन्जुरीनामा बिना पनि बिगतदेखि नै सामुदायिक रुपमा प्रयोग भएको निजी मुल वा गाउँपालिका स्तरीय समितिले अति आवश्यक ठानेको निजी जग्गामा रहेको मुल गाउँपालिका स्तरीय जलस्रोत समितिले निर्णय गरी सार्बजनिक प्रयोगको लागि ब्यवस्था गरिदिन सक्नेछ।

(३) कुनै पनि व्यक्तिको निजी जग्गामा भएको वा नभएको कुनै पनि मुल एक व्यक्तिको नाममा दर्ता गर्न सकिने छैन। इतिहास देखि नै समुदायले प्रयोग गरिरहेको निजी जग्गामा रहेको पानीको मुलमाथि जग्गा धनिले समुदायले प्रयोग गर्न नमिल्ने गरि बन्देज लगाउन पाइनेछैन।

(४) कुनै व्यक्तिले आफ्नो जग्गामा रहेको मुहानमा आधारित कुनै व्यवसाय गर्नु परेमा समेत गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ। यस्तो व्यवसायको लागि गाउँपालिकामा आवेदन प्राप्त भएमा

सामुदायिक आवश्यकतालाई समेत ध्यानमा राखि गाउँपालिकाले व्यवसाय संचालन गर्न दिन वा नदिन पनि सक्ने छ।

(५) गाउँपालिकाभित्रको पानीको प्रथम अधिकार गाउँपालिकाको हुनेछ। गाउँपालिकाको स्वीकृति विना कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

तर व्यक्तिगत वा सामुहिक रुपमा घरायसी खानेपानी, घरेलु प्रयोग, सिंचाई, पानी घट्ट, विगत देखिनै गाउँबस्तीले खाई रहेको धारा, कुवा, ईनारको यथावत प्रयोगको लागि गाउँपालिकाको स्वीकृतिको आवश्यकता पर्ने छैन।

(६) संघिय तथा प्रदेश कानुन बमोजिम स्वीकृति लिएर गाउँपालिका भित्र संचालन हुने पानीमा आधारित व्यवसाय तथा उपभोक्ता समितिले समेत गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(७) कुनै पनि पानीको स्रोतलाई खानेपानी, सिंचाई, उर्जाको स्रोत, मनोरञ्जन, व्यवसाय वा अन्य कुन प्रयोजनमा प्रयोग गर्ने भन्ने प्राथमिकता गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(८) कुनै खोला, नदि, मुहानको पानी प्रयोग गर्दा तलतिरको बहाव क्षेत्रमा नकारात्मक प्रभाव पर्ने गरी पानीलाई पुर्णत बहाव रोकिने गरी अन्यत्र मोड्न तथा प्रयोग गर्न पाइने छैन।

(९) जलस्रोतको उपयोग गर्दा गाउँपालिकाले पानीको गुणस्तर तोक्ने, जलस्रोतलाई प्रदुषित हुन नदिने, वातावरणमा प्रतिकुल असर पर्न नदिने तथा जलस्रोत सम्वन्धि संरचनाहरुको मर्मत सम्भार तथा रेखदेख गर्न आवश्यक व्यवस्था गर्न समितिहरु तथा सम्वन्धितलाई निर्देशन दिन सक्नेछ।

(१०) कुनै पनि स्थानमा डिप बोरिङ्ग गरी पानीको ब्यवस्थापन गर्नुपर्दा भूगर्वविद्को रिपोर्टका आधारमा पानीको स्रोत एकिन गरेर मात्र अनुमती दिनुपर्नेछ ,साथै सो कार्य प्रारम्भ गर्नु अघि गाउँपालिका स्तरीय जलस्रोत समितिको सिफारिस लिएर मात्र काम गर्न सकिनेछ।

६. <u>उपभोक्ता समिति दर्ताः</u> (१) समिति दर्ता गर्न चाहने ३० जना भन्दा वढि भेलाको निर्णय बमोजिम ७ देखी ११ सदस्य कार्य समिति भएका व्यक्तिहरुले देहायको विवरण खुलाई तोकिएको दस्तुर तिरेको रसिद सहित गाउँपालिका स्तरीय जलस्रोत समिति समक्ष अनुसूची १ बमोजिमको निवेदन दिनु पर्नेछ। निवेदन पेश गर्दा अनुसूची-२ बमोजिमका कागजपत्रहरु संलग्न राखी पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिका स्तरीय जलस्रोत समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले कागजातहरु जाँचबुझ गर्दा कुनै कागजात नपुग भएमा प्रमुख प्रशासकिय अधिकृतले १५(पन्ध्र) दिन भित्र आवश्यक थप कागजात पेश गर्न लगाउने।

(३) गाउँपालिका स्तरीय जलस्रोत समितिलाई आवश्यक लागेमा गाउँपालिकाका प्राविधिकहरुलाई स्थलगत सर्वेक्षणको लागि खटाउन सक्नेछ। यसरी खटिने प्राविधिकले पानीको स्रोतको स्थिति, पानीको मात्रा, वर्तमान प्रयोग, वातावरणीय प्रभाव तथा विवादको स्थिति लगायतका विषयहरु खुलाई गाउँपालिका स्तरीय जलस्रोत समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) गाउँपालिका स्तरीय जलस्रोत समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत विधान सहित खानेपानी उपभोक्ता समिति दर्ता गरी प्रमाण पत्र दिइनेछ। तर गाउँपालिका

स्तरीय जलस्रोत समितिले कुनै उपभोक्ता समिति दर्ता नगर्ने निर्णय गरेमा कारण सहित सो को जानकारी दर्ता गर्ने अधिकारीले निर्णय भएको १५ दिन भित्र सम्वन्धित निवेदकलाई दिनु पर्नेछ।

७. <u>दोहोरो उपभोक्ता समिति दर्ता गर्न नहुने:</u> (१) कुनै पानीको स्रोतको उपयोग गर्न समिति दर्ता भईसकेपछि त्यस्तो उपभोक्ता समितिले उपयोग गर्ने पानीको परिमाणमा कटौती हुने गरि कुनै अर्को समिति दर्ता गरिने छैन।

८. <u>समिति गठन प्रक्रिया:</u> (१) सामुहिक लाभका लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहाने व्यक्तिहरुले यस ऐनमा तोकिए बमोजिम खानेपानी उपभोक्ता समिति गठन गर्न सक्नेछन्।

(२) उपभोक्ता समिति गठन गर्दा कम्तिमा १५ दिने सार्वजनिक सूचना जारि गरी तोकिएको समय र स्थानमा सम्वन्धित पानीको स्रोत तथा मुहान भएको क्षेत्र वरिपरिका मुहान उपभोग गर्ने उपभोक्ता, लाभग्राही तथा प्रभावितहरुको आम भेला बसि भेलाको निर्णय बमोजिमको कार्य समिति चयन गरि अनुसूचि-५ लाई आधारमानी तयार गरिए बमोजिमको दुई प्रति विधान तयार गरी खानेपानी उपभोक्ता समिति दर्ताको लागि अध्यक्ष, कोषाध्यक्ष तथा सचिवलाई अख्तियार दिई गाउँपालिकामा पठाउने निर्णय गर्नु पर्नेछ।

(३) कार्य समिति गठन गर्दा ७ देखि ११ सदस्यीय हुने गरी निर्माण गर्नु पर्नेछ। अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये एक पद अनिवार्य रुपमा महिला हुनुपर्नेछ। कार्य समितिमा कुल संख्याको ३३ प्रतिशत महिला हुनुपर्नेछ।

(४) खानेपानी उपभोक्ता समिति दर्ताको लागि सम्वन्धित वडाले प्रभावित व्यक्तिहरुको भेलाबाट सार्वजनिक मुचुल्का तयार गरी समिति दर्ता गर्दा कुनै पनि सामाजिक, धार्मिक, जातिय, वातावरणीय, आर्थिक तथा अन्य क्षेत्रमा नकारात्मक प्रभाव पर्ने नपर्ने खुलाई मुचुल्का तयार पार्नु पर्नेछ। साथै वडाध्यक्षले वडा समितिको निर्णय संलग्न राखि समिति दर्ताको लागि कुनै विवाद तथा नकारात्मक प्रभाव नरहेको खुलाई अनुसूची-४ बमोजिमको सिफारिस दिई पठाउनु पर्नेछ।

९. <u>प्रमाण पत्र तथा नविकरण:</u> (१) यस दफा अन्तर्गत दिईने खानेपानी उपभोक्ता समिति दर्ताको प्रमाणपत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ। उक्त प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य रुपमा नवीकरण गर्नु पर्नेछ। तीन महिनासम्म पनि नवीकरण नगरेमा तोकिएको जरिवाना लिई नवीकरण गरिदिन सकिनेछ।

(२) खानेपानी उपभोक्ता समिति दर्ताको लागि निवेदन दर्ता दस्तुर, समिति दर्ता दस्तुर, नवीकरण दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ। आर्थिक ऐनमा उल्लेख नभए सम्मका लागि निवेदन दस्तुर रु. १००।- उपभोक्ता समिति दर्ता दस्तुर रु २,५००।– (दुई हजार पाँच सय), नवीकरण दस्तुर वार्षिक रु.१०००– (एक हजार) रुपैया लाग्नेछ। आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना नाघेपछि कुनै समितिले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण पत्र नवीकरणको लागि निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिमको बिलम्ब शुल्क लिई नवीकरण गरी दिन सक्नेछ।

(क) आर्थिक वर्ष समाप्त भएको पहिलो ३ महिना सम्मको लागि कुनैपनि विलम्ब शुल्क लाग्ने छैन।

(ख) आर्थिक वर्ष समाप्त भएको पहिलो ३ महिना देखी ६ महिनासम्मका लागि (कार्तिक देखी पौष मसान्त सम्म) रु.१००० (एक हजार) विलम्ब शुल्क लाग्नेछ।

(ग) उपबुँदा (ख) को म्याद नाघेपछी असार मसान्त सम्मको लागि रु.१,५००।-

(घ) उपदफा १ र २ बमोजिमको म्याद भित्र नवीकरण नगराएका समितिले प्रमाणपत्रको नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नविकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि रु.२०००।-(दुई हजार) रुपैयाँका दरले थप विलम्म शुल्क समेत लिई प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ताको प्रमाण पत्र नवीकरण गरिदिन सक्नेछ।

१०. <u>समिति संगठित संस्था मानिने:</u> (१) यस ऐन अन्तर्गत दर्ता भएको खानेपानी उपभोक्ता समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

११. <u>संस्थाको सम्पत्ति:</u> (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने,  कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ।

(२) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

१२. <u>यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नुपर्ने:</u> (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई स्थापना भई गाउँपालिका भित्र संचालनमा रहेका समितिले पनि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यो ऐन बमोजिम गाउँपालिकामा सुचिकृत/दर्ता गर्नुपर्नेछ। पहिले दर्ता भएका समितिले गाउँपालिकामा सुचिकृत/नवीरकण हुनको लागि गत आ.व सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१३. <u>समितिको उदेश्यहरुमा हेरफेर तथा विधान संशोधन:</u> (१) समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा समितिको विधानमा कुनै संशोधन गर्नु परेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले सम्बन्धित प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। यसरी साधारण सभाबाट पारित भएको संशोधित विधान गाउँपालिकाबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।

१४.**समितिको वर्गिकरणः** (१) दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको बर्गिकरण हुनेछ।

(१) १००१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क वर्ग)

(२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

(३) ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

१५. **तदर्थ समिति गठन गर्न सकिनेः** (१) यस अघि दर्ता स्वीकृति प्राप्त गरी संचालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम एक वर्ष भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया पूरा गरी गराई व्यवस्थापन गर्न सकिनेछ।

१६. **खानेपानी उपभोक्ता महासंघ गठन गर्न सकिनेः** (१) दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका खानेपानी उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानि गाउँपालिका स्तरीय खानेपानी उपभोक्ता महासंघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोगमा अन्य मातहतका सम्पूर्ण खानेपानी उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा संचालन गर्न सकिनेछ।

१७. **सेवा प्रदान गर्नु पर्नेः** (१) खानेपानी उपभोक्ता समितिले आफ्नो प्रस्तावित क्षेत्रभित्रका उपभोक्तालाई समानताका आधारमा पानी तथा लाभको वितरण गर्नु पर्नेछ। यसरी सेवा वितरण गर्दा विद्यालय, स्वास्थ्य संस्था आदिलाई प्राथमिकता दिनुपर्नेछ।

(२) समितले आफ्नो प्रस्तावित क्षेत्रभित्रका कसैलाई पनि साधारण सदस्य बन्न नदिन वा सेवा प्राप्त गर्नबाट वञ्चित गर्न पाइनेछैन।

(३) समितिले खानेपानी आपूर्ति गर्दा गाउँपालिकामा दर स्वीकृत गराई लाभग्राहीबाट संचालन खर्चको लागि न्युनतम सेवा शुल्क लिन सक्नेछ।

(४) समितिको विधान पालना गर्नु, तोकिएको समयमा शुल्क तिर्नु, पानीको गुणस्तर कायम गर्न मद्दत गर्नु, निर्माण भएका संरचनाको संरक्षण तथा मर्मतमा सहयोग गर्नु समितिका सदस्य तथा उपभोक्ताको कर्तव्य हुनेछ।

१८. **साधारण सभा तथा लेखा परीक्षणः** (१) समितिले विधान बमोजिम वार्षिक साधारण सभा गरी त्यसको प्रतिवेदन प्रत्येक बर्ष असोज मसान्तभित्र गाउँपालिकामा पठाउनु पर्नेछ।

(२) उपभोक्ता समितिले विभिन्न क्षेत्रबाट प्राप्त गरेको आम्दानी र खर्चको स्पष्ट लेखा राखि प्रत्येक आर्थिक वर्षको दर्तावाल लेखा परीक्षकबाट लेखा परीक्षण गराई आफ्नो समितिको हिसाबको विवरण सहितको लेखा परीक्षकको प्रतिवेदन, सामाजिक परीक्षणको प्रतिवेदन प्रत्येक बर्ष असोज मसान्त भित्र गाउँपालिकामा पठाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रतिवेदन प्राप्त नभएमा गाउँपालिकाले समितिको नवीकरण गर्ने छैन।

१९. <u>हिसाब जाँच गर्ने:</u> १) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफूले नियुक्ति गरेको कुनै कर्मचारीद्वारा समेत जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्नेछ।

(३) हिसाब जाँच गर्ने कर्मचारीले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने कर्मचारीले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँची सो को प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पति कुनै पदाधिकारी, सो संस्थाको सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम नै हुनेछ।

२०. <u>निर्देशन दिने:</u> (१) गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समितिको कर्तव्य हुनेछ।

२१. <u>समितिको विघटन:</u> (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याएसम्म सोहि जायजेथाबाट त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ। समितिको जायजेथाले नभ्याएको दायित्वको जिम्मेवारी गाउँपालिकाले लिनेछैन। दायित्व ब्यहोर्ने प्रकृया, क्रम र प्राथमिकता गाउँपालिका जलस्रोत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२२. <u>नयाँ कार्यसमिति चयन:</u> (१) समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन गर्नुपर्नेछ। समयावधि भित्र नयाँ कार्य समिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म दफा (१५) बमोजिम समिति गठन गरी संचालनको व्यवस्था गाउँपालिकाले गर्नेछ।

## परिच्छेद – ४ (चार)

## दण्ड, जरिवाना तथा पुनरावेदन

२३. **दण्ड सजाय:** (१) दफा ४ बमोजिम पानीको स्रोत (मुल) दर्ता नगराई समिति स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र यस्तो समितिलाई खारेज समेत गर्न सक्नेछ।

(२) दफा (१८) बमोजिमका विवरणहरु गाउँपालिकामा नपठाएमा कार्य समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ। तर, कुनै सदस्यले दफा (१८) उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन।

(३) दफा (१९) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित कर्मचारीले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ।

(४) दफा (१३) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई समितिको उद्देश्य तथा विधानमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो गर्ने समितिको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ।

(५) कसैले बदनियतपूर्वक पानीको मुहान, संरचना आदिमा क्षति पुग्ने काम गरेमा, विगारेमा, भत्काएमा तथा कुनै पनि पदार्थ या रसायन प्रयोग गरी पानी प्रदुषित वा विशाक्त पारेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२४. <u>उजुरी दिन सक्ने</u>: (१) जलस्रोत कुनै समितिले उपयोग गर्दा कसैलाई मर्का परेमा वा समितिले लाभग्राही क्षेत्रभित्रका व्यक्तिलाई पानीको उपयोग गर्न नदिएमा मर्का परेको व्यक्ति वा संगठनले त्यसको व्यहोरा खुलाई गाउँपालिका स्तरीय जलस्रोत समितिमा उजुरी दिन सक्नेछ।

## परिच्छेद-५ (पाँच)

## सेवा शुल्क सम्बन्धी व्यवस्था

२५. <u>वार्षिक शुल्क</u>: (१) अनुमति प्राप्त व्यक्ति एवम् समितिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिलाई व्यपारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए बापत स्थानिय सरकारलाई बुझाउनुपर्ने वार्षिक शुल्क अनुसूची-६ मा तोकिए बमोजिम हुनेछ।

२६. <u>सेवा शुल्क निर्धारण समिति</u>: (१) जलस्रोतको उपयोगको सेवा शुल्क निर्धारण गर्न र निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्ताले तिर्नु पर्ने अतिरिक्त सेवा शुल्कको दर समेत निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक सेवा शुल्क निर्धारण समिति रहनेछः

(क) गाउँपालिकाले तोकेको कार्यपालिकाको सदस्य – संयोजक

(ख) उपभोक्ताहरू मध्येबाट गाउँपालिकाले तोकेको व्यक्ति –सदस्य

(ग) सम्बन्धित शाखाको प्रमुख –सदस्य सचिव

(२) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैले निर्धारण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा ह्रासकट्टी दर, उपयुक्त लाभ, संरचनाको तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ। सेवा शुल्क निर्धारण हुनु अगाबै लागु भएका सम्पुर्ण सेवा

शुल्कहरु समितिले निर्धारण गरी प्रमाणित भएपछी यसै समितिले निर्धारण गरे बमोजिमको सेवा शुल्कसँग समायोजन भई लागु हुनेछ।

२७. <u>सेवा शुल्क बुझाउनु पर्नेः</u> (१) जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरूले सेवा उपयोग गरे बापत नियम २६ को उपनियम (३) बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरूको दायित्व हुनेछ।

२८. <u>नियम बनाउन सक्नेः</u> (१) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइने नियम बमोजिम आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सकिनेछ।

२९. <u>स्व-घोषणा र अधिकार प्रत्यायोजनः</u> (१) संस्थाका कार्य समितिका सबै सदस्यहरुले अनुसूची-७ बमोजिमको स्व-घोषणा पत्र तयार गरी दर्ता अधिकारीलाई समक्ष पेश गर्नुपर्नेछ। (२) कार्य समितिका सबै पदाधिकारी संस्था दर्ता गर्न उपस्थित हुन नसक्ने अवस्था आएमा अनुसूची-८ बमोजिमको अधिकार प्रत्यायोजन तयार गरी दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछ।

३०. <u>खारेजी र बचाउः</u> (१) यो ऐन प्रारम्भ हुन अघि कार्यान्वयनमा रहेको हतुवागढी गाउँपालिकाको जलस्रोत व्यवस्थापन कार्यविधि २०७७, यो ऐन प्रारम्भ भएपछि स्वतः खारेज हुनेछ। (२) यो ऐन प्रारम्भ हुनु अघि कार्यान्वयनमा रहेको जलस्रोत व्यवस्थापन कार्यविधि २०७७ बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

(दफा ६(१) संग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

श्री संयोजकज्यू,
गाउँपालिका स्तरिय जलस्रोत समिति,
हतुवागढी गाउँपालिका,
घोडेटार, भोजपुर।

महोदय,

हामीले................................उपभोक्ता समिति गठन गरी दर्ता गराउन चाहेकोले तहाँ गाउँपालिकाको "जलस्रोत व्यवस्थापन ऐन, २०७८" को दफा (५) र (६) बमोजिम खानेपानी उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित खानेपानी उपभोक्ता समितिको २(दुई) प्रति विधान, निवेदन दस्तुर र समिति दर्ता गर्दा लाग्ने शुल्कको रसिद समेत फयल सामु राखी दरखास्त दिएका छौं।

<u>विवरण</u>

१ खानेपानी उपभोक्ता संस्थाको नामः
२ कार्यक्षेत्रः
३ जलस्रोतको नाम र रहेको ठाउः
४ जलस्रोतबाट गरिने प्रयोगः
५ सेवा पुऱ्याउने क्षेत्रः
६ सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः
७ भविष्यमा सेवा विस्तार गर्न सकिने क्षेत्रः
८ अनुमानित लागत तथा आर्थिक स्रोतको विवरणः
९ कार्यालयको ठेगानाः

............................
(....................)
अध्यक्ष

## अनुसूची २
### (दफा ६(१) संग सम्बन्धित)
### निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु

१. अनुसुचि १ बमोजिमको निवेदन फारम थान १।

२. अनुसुचि ५ बमोजिमको विधान २ प्रति (हरेक पन्नामा सम्पुर्ण सदस्यहरुले सही गरी समितिको छाप लगाइएको)।

३. पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि।

४. सर्जिमिन मुचुल्कामा हस्ताक्षर गर्ने सर्वसाधारणको नागरिकताको प्रतिलिपि ।

५. वडा कार्यालयको निर्णय सहितको अनुसुचि ४ बमोजिमको सिफारिस पत्र ।

६. साधारण सभाको निर्णयको प्रतिलिपि (संस्था दर्ता सम्वन्धि मनसाय, पदधिकारी चयन, अख्तियारी प्रदान) (शुरु आम भेलामा वडाको निर्वाचित पदाधिकारकिो उपस्थिति सहितको निर्णयको प्रतिलिपि) ।

७. खानेपानीको स्रोतको प्राविधिक नक्शा वा सामुदायिक नक्शा (प्रमाणित)।

८. उपभोक्ता समुदाय देखी मुहानको दुरी।

११. मुहान व्यक्तिगत भएमा मन्जुरीनामा तथा लालपुर्जाको प्रतिलिपि।

१२. सम्वनिधत वडा कार्यालयले तयारपारेको सर्जिमिन मुचुल्का।

१३. गाउँपालिकाको राजश्व शाखाको रु.१०० तिरेको नगदि रसिद।

१४. सम्वन्धित वडामा वन उपभोक्ता समिति गठन भएको उक्त वन भित्र खानेपानी उपभोक्ता समितिको मुहान पर्ने नपर्ने हो सो सम्वन्धमा वन उपभोक्ता समितिको सिफारिस पत्र।

१५. खानेपानी उपभोक्ता समिति दर्ताका लागि सहयोग गर्ने संस्थाको आर्थिक प्रतिवद्धता सहितको सिफारिस पत्र।

१६. समितिको छाप।

१७. समितिका सदस्यहरुको स्वघोषणा पत्र थान १

१८. अधिकार प्रत्यायोजन थान-१

अनुसूची ३
(दफा ९(१) संग सम्बन्धित)
हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर।

दर्ता नम्बर.................
दर्ता मिति......................

**दर्ता प्रमाणपत्र**

गाउँपालिका स्तरिय जलस्रोत समितिको मिति ................... को निर्णयानुसार जलस्रोत व्यवस्थापन ऐन, २०७८ को दफा ५ र ६ बमोजिम जिल्ला भोजपुर हतुवागढी गाउँपालिका वडा नं.-...., मा रहेको ........................................समितिलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी स्वीकृत विधान सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ। जलस्रोत व्यवस्थापन ऐन, २०७८ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नुहोला।

१. उपयोग गर्ने जलस्रोतको नामः
२. उपयोग गर्ने जलस्रोतको ठेगानाः

दर्ता अधिकारीको दस्तखतः
नाम, थरः
पदः

| क्र.स | नवीकरण भएको मिति | नवीकरण कायम रहने अवधी | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ४

(दफा ८(४)संग सम्बन्धित)

वडा सिफारिसको ढाँचा

**श्री अध्यक्षज्यू,**

**गाउँपालिका स्तरीय जलस्रोत समिति,** मितिः.........

**हतुवागढी गाउँपालिका,**

**घोडेटार, भोजपुर।**

विषयः खानेपानी उपभोक्ता समिति दर्ता सम्वन्धमा।

उपरोक्त सम्वन्धमा हतुवागढी गाउँपालिका अन्तरगत वडा नं. .... मा संचालनल हुने................. खानेपानी स्रोत (मुहान) को पानी उपयोग गर्ने गरी .... ...... ..... ...... खानेपानी उपभोक्ता समिति गठन भएकोले उक्त समिति तथा मुहान दर्ता गर्न कुनै पनि विवाद नरहेको र मुहान तथा उपभोक्ता समिति दर्ता गर्दा कुनै पनि सामाजिक, आर्थिक, वातावरणीय, मानवीय ........ लगायतका क्षेत्रमा नकारात्मक प्रभाव नपर्ने भएकोले हतुवागढी गाउँपालिकाको जलस्रोत व्यवस्थापन ऐन, २०७८ बमोजिम उक्त पानीको स्रोत (मुहान) तथा उपभोक्ता समिति दर्ता गर्न सिफारिस गरिन्छ। साथै सो सम्वन्धमा वडा समितिको निर्णयको प्रतिलिपि तथा सार्वजनिक मुचुल्का यसै पत्रसाथ संलग्न राखि पठाइएको छ।

.................................

(...............................)

वडाध्यक्ष

## अनुसूची ५
(दफा ८(२) संग सम्बन्धित)
## खानेपानी उपभोक्ता समितिको विद्यानको नमूना, २०७८

प्रस्तावना:..........................................................................................................
..........................................................................................................................
................................स्थापना गरी संचालन गर्न वाञ्छनीय भएकोले हतुवागढी गाउँपालिकाको जलस्रोत व्यवस्थापन ऐन, २०७८ को अधिनमा रही यो विधान बनाइएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः
२. परिभाषाः
३. चिन्ह र छापः
४. कार्यालयः
५. कार्यक्षेत्रः

### परिच्छेद-२
### उद्देश्य, गठन, काम, कर्तव्य तथा वैठक प्रक्रिया

६. खानेपानी उपभोक्ता समितिको उद्देश्यः
७. उद्देश्य पुरा गर्न गरिने कार्यहरुः
८. सदस्यताः
९. उपभोक्ता समितिको गठनः
१०. उपभोक्ता समितिको बैठकः
११. उपभोक्ता समितिको अध्यक्षताः
१२. निर्णय प्रक्रियाः
१३. खानेपानी उपभोक्ता समितिको काम कर्तव्य र अधिकारः

### परिच्छेद-३
### पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

१४. अध्यक्षको काम कर्तव्य र अधिकारः
१५. उपाध्यक्षको काम कर्तव्य र अधिकारः
१६. सचिवको काम कर्तव्य र अधिकारः
१७. कोषाध्यक्षको काम कर्तव्य र अधिकारः
१८. सदस्यहरुको काम कर्तव्य र अधिकारः
१९. विद्यानको स्वीकृतिः
२०. कर्मचारी नियुक्तिः

## परिच्छेद-४
## आर्थिक व्यवस्था

२१. आर्थिक स्रोतः
२२. चल अचल सम्पत्तीको व्यवस्थाः
२३. कोषको व्यवस्थाः
२४. श्रम, सिप, पुँजी र व्यवस्थापन प्रक्रियाः
२५. आयोजनाको कार्यन्वयन र व्यवस्थापनः
२६. आयोजनाको मर्मत व्यवस्थापनः
२७. लेखा परीक्षण सम्बन्धी व्यवस्थाः

## परिच्छेद-५
## साधारण सभा सम्बन्धि व्यवस्था

२८. साधारण सभाको गठनः
२९. साधारण सभा बस्ने अवधि र तरिकाः
३०. साधारण सभाको काम कर्तव्य र अधिकारः

## परिच्छेद-६
## विविध

३१. निर्वाचन सम्बन्धी व्यवस्थाः
३२. उमेद्वारको योग्यताः
३३. अविश्वासको प्रस्तावः
३४. नियम बनाउनेः
३५. बदर हुनेः
३६. दण्ड र जरिवाना सम्बन्धी व्यवस्थाः
३७. आयोजना हस्तान्तरणः
३८. पुरानो समिति विघटन र नयाँ समिति गठनः
३९. आयोजनाको सेवा संचालन व्यवस्थाः
४०. आयोजना मर्मत सम्भार व्यवस्थाः
४१. ऐन बमोजिम हुनेः
४२. संस्थाको विघटनः
४३. विद्यान संशोधनः
४४. निर्देशनको पालना गर्नुपर्नेः
४५. खानेपानी उपभोक्ता समितिको खारेजीः
४६. विविधः

## अनुसूची-६
## (दफा २५ सँग सम्बन्धित)
**जलस्रोतको उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क**

**१. सिंचाइको हकमाः**

(क) दुई हजार हेक्टरसम्मको जमिन सिंचाइ गर्न प्रति हेक्टर रु. एकका दरले अधिकतम रु. १०००।–

(ख) दुई हजारदेखि पाँच हजार हेक्टरसम्मको जमिन सिंचाइ गर्न रु. २०००।–

(ग) पाँच हजारदेखि दस हजार हेक्टरसम्मको जमिन सिंचाइ गर्न रु. ५०००।–

(घ) दस हजारदेखि पन्ध्रहजार हेक्टरसम्मको जमिन सिंचाइ गर्न रु. १००००।–

(ङ) पन्ध्र हजारदेखि बीस हजार हेक्टरसम्मको जमिन सिंचाइ गर्न रु. १५०००।–

(च) बीस हजारदेखि पच्चीस हजार हेक्टरसम्मको जमिन सिंचाइ गर्न रु. २००००।–

(छ) पच्चीस हजार हेक्टर भन्दाबढी सिंचाइ गर्न रु. २५०००।–

**२. खानेपानीको हकमाः**

(क) दुई हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ५००।–

(ख) दुई हजारदेखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २०००।–

(ग) पाँच हजारदेखि दस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ५०००।–

(घ) दस हजारदेखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १००००।–

(ङ) पन्ध्र हजारदेखि बीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १५०००।–

(च) बीस हजारदेखि पच्चीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २००००।–

(छ) पच्चीस हजार भन्दा बढी जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २५०००।–

३. कृषिजन्य उपभोगको लागि रु.२,०००।– देखि २०,०००।– सम्म पानी प्रयोगको परिमाणको आधारमा।

४. घरेलु उद्योगको लागि रु.२,०००।–देखि २०,०००।–सम्म पानी प्रयोगको परिमाणको आधारमा।

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु.५,०००।– देखि ५०,०००।– सम्म पानी प्रयोगको परिमाणको आधारमा।

६. आमोद प्रमोदजन्य प्रयोगको लागि रु.१,०००।– देखि १०,०००।– सम्म वार्षिक कारोवारको आधारमा।

७. अन्य प्रयोगको लागि रु.५,०००।–देखि १०,०००।–सम्म वार्षिक कारोवारको आधारमा।

# अनुसूची-७
## (दफा २९(१) सँग सम्बन्धित)
## स्वघोषणा पत्रको ढाँचा

प्रस्तवित श्री.................संस्था/समिति दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका कार्य समितका सदस्यहरुले प्रचलित कानूनसम्मत संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लेखित कुराका साथै अन्य कुनै कुराले संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौः

हामी आदेदकहरु कोही पनि-

- यही प्रकृतिको अन्य संस्थाको सदस्य छैनौं,
- बैङ्क वित्तीय संस्था, अदालत वा अन्य कुनै संस्था/संघ/राष्ट्रिय कानूनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं,
- यस अघि संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं,
- सम्पत्ती शुद्धिकरणसम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र संस्था दर्ता ऐन तथा कानूनबमोजिम स्वावलम्बन र पारस्पारिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको संचालन गर्न मञ्जुर छौं,
- कानून बमोजिम हाम्रो नाउँमा कुनैपनि प्रकारको बेरुजु तिर्न बाँकी रहेको छैन।

उपर्युक्त बेहोरा ठीक साँचो हो। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला भनी सहीछाप गर्ने-

| सि.नं. | सदस्यको नाम, थर | ठेगाना | नागरिकता नं. र लिएको जिल्ला | सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |

# अनुसूची-८
## (दफा २९(२) सँग सम्बन्धित)
### अधिकार प्रत्यायोजनको ढाँचा

मितिः.....................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय,
घोडेटार, भोजपुर।

**विषयः अधिकार प्रत्यायोजन सम्बन्धमा।**

महोदय,

यस प्रस्तावित श्री...........................समिति/संस्थाको मिति...................मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानूनबमोजिम प्रकिया पूरा गर्ने सिलसिलामा हाम्रोतर्फबाट विधानमा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम-कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ संचालक समितिका अध्यक्ष श्री............सचिव श्री......................र कोषाध्यक्ष श्री ..................समेतलाई अधिकार प्रत्यायोजन गरिएको बेहोरा अनुरोध गर्दछौं। निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| सि.नं. | नाम, थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| सि.नं. | सदस्यहरुको नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

आज्ञाले
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत